# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही

प.सं. प्रशासन /०७१/०७२ मिति :– २०७१।८।४
च.नं.

**विषय :– निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
न.पा. व्यवस्था शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७१ साल कार्तिक महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०७१।७।४ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री बिष्णुदत्त गौतम ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिती :**

श्री बिष्णुदत्त गौतम - प्रमुख/कार्यकारी अधिकृत सि.न.पा.

**आमन्त्रीत**

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ - बरिष्ठ ईन्जिनियर, सि.न.पा.
श्री विवेक कुमार खनाल - बरिष्ठ अधिकृत, सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री - बरिष्ठ अधिकृत, सि.न.पा.
श्री देव प्रसाद ज्ञवाली - शाखा अधिकृत, सि.न.पा.
श्री श्रीराम गुप्ता - अध्यक्ष, कर्मचारी एशोसिएसन

**निर्णय नं. १ (एक) :**

नेपाल सरकार र एशियाली विकास बैंकको अनुदान तथा ऋण सहयोगमा सिद्धार्थनगर नगरपालिकामा सञ्चालित एकीकृत सहरी विकास आयोजना अन्तर्गत एकीकृत फोहोर मैला व्यवस्थापन परियोजना (Integrated Solid Waste Management Subproject) (IUDP/SWM/ SDN/ICB-02) को Bidding Documents स्वीकृत भई Comments हरु Incorporate गरी बोलपत्र आहवानको पत्र समेत पेश गर्नु भनि च.नं. ५.८।०७१-७२।८६ तारिख २८ सेप्टेम्बर २०१४ को पत्रद्वारा आयोजना समन्वय कार्यालय, बबरमहल, काठमाण्डौबाट लेखि आएकोले Comments हरु Incorporate गरी तयार भएको Finalized Bid Document स्वीकृत गरी बोलपत्र आहवानको पत्र सहित आयोजना समन्वय कार्यालय, बबरमहल, काठमाण्डौमा पठाउने निर्णय गरियो ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. २ (दुई) :**

एकीकृत शहरी विकास आयोजना अन्तर्गत एकीकृत फोहोर मैला व्यवस्थापन परियोजना (Integrated Solid Waste Management Subproject) (IUDP/SWM/SDN/ICB-02) को Bidding Document र ल.ई. रकम रु. ३२,७७,७५,९५१।७५ (VAT, Price & Physical Contengencies) समेत गरी स्वीकृत भएको भनी च.नं. ५.८।०७१-७२।१०२ तारिख १५ अक्टोबर २०१४ को पत्रद्वारा आयोजना समन्वय कार्यालय, बबरमहल, काठमाण्डौबाट लेखि आएकोले एकीकृत फोहोर मैला व्यवस्थापन परियोजना (Integrated Solid Waste Management Subproject) (IUDP/SWM/SDN/ICB-02) को ल.ई. रकम रु. ३२,७७,७५,९५१।७५ (VAT, Price & Physical Contengencies) स्वीकृत गरी बोलपत्र आहवान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ (तीन) :**

***आयोजनाको लागि ऋण स्विकार गर्ने सम्बन्धमा ।***

नेपाल सरकार र एसियाली बिकास बैक वीच सम्पन्न ऋण सम्झौता, नगर बिकास कोष र सिद्धार्थनगर, नेपालगंज, धरान र जनकपुर नगरपालिका तथा एसियाली बिकास बैकवीचमा भएको आयोजना सम्झौता (Project Agreement) तथा नेपाल सरकार र नगर विकास कोषवीचमा भएको सहायक ऋण सम्झौता (Subsidiary Loan Agreement) का आधारमा एकीकृत सहरी विकास आयोजना अन्तर्गत यस नगरपालिकामा प्रस्तावित एकीकृत फोहोर मैला व्यवस्थापन परियोजना (Integrated Solid Waste Management Subproject) (IUDP/SWM/SDN/ICB-02) लागतको ८० प्रतिशत् रकम नेपाल सरकारले अनुदान स्वरुप उपलब्ध गराउने, ५ प्रतिशत् रकम नगरपालिकाले आफ्नो श्रोत एवं आयोजना क्षेत्रका सम्बन्धित उपभोक्ताहरुबाट समेत लागत सहभागिता जुटाई व्यहोर्ने र १५ प्रतिशत् रकम नगर विकास कोषले नगरपालिकालाई ऋणको रुपमा उपलब्ध गराउने व्यवस्था भए बमोजिम, यस नगरपालिकामा निर्माण एवं संचालन हुन प्रस्तावित एकीकृत फोहोर मैला व्यवस्थापन परियोजना (Integrated Solid Waste Management Subproject) (IUDP/SWM/SDN/ICB-02) को लागि आयोजनाको बिस्तृत डिजाईन गर्न नियुक्त परामर्शदाताबाट पेश भएको बिस्तृत आयोजना प्रतिवेदन अनुसारको कूल अनुमानित (हालको लागत अनुमान) लागत रु. ३२,७७,७५,९५१।७५ (अक्षरेपी बत्तीस करोड सतहत्तर लाख पचहत्तर हजार नौ सय एकाउन्न र पैसा पचहत्तर मात्र) को १५ प्रतिशत् बराबरले हुने रकम रु. ४,९१,६६,३९२।७६ (अक्षरेपी चार करोड एकानब्बे लाख छयसठी हजार तीन सय बयानब्बे र पैसा छिहत्तर मात्र) बार्षिक ५ प्रतिशत् ब्याजदरमा ५ बर्षको सहुलियत अबधि सहित २० बर्ष भित्र तिर्ने गरी नगर बिकास कोषबाट ऋण लिने निर्णय गरियो । वास्तविक ऋण रकम उक्त आयोजनाको निर्माणको लागि हुने ठेक्का रकम (Contract Amount) भन्दा कम भएमा सोही रकमको १५ प्रतिशत्ले हुने रकम मात्र उक्त कोषसंग ऋण स्विकार गरि उक्त ऋण रकम उपलब्ध गराइ दिन कोषलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ (चार) :**

एकीकृत फोहोर मैला व्यवस्थापन परियोजना (IUDP/SWM/SDN/ICB-02) को कार्यान्वयनको लागि सम्पन्न सम्झौता बमोजिम कूल लागतको ५ प्रतिशतले हुने रकम यस नगरपालिकाले व्यहोर्नु पर्ने व्यवस्था रहेको सन्दर्भमा उक्त रकम यस नगरपालिकाको आन्तरिक आय तथा नेपाल सरकारबाट उपलब्ध हुने निशर्त अनुदान समेतबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ (पाँच) :**

***परामर्शदाताबाट पेश भएको बिस्तृत आयोजना प्रतिवेदन (Detail Project Report) अनुमोदन एवं ग्रहण गर्ने सम्बन्धमा ।***

निर्णय नं. ३ मा प्रस्तावित आयोजनाको बिस्तृत डिजाईनको लागि नियुक्त परामर्शदाता GOEC Nepal Pvt. Ltd. JV with Technocrat Consultancy, New Baneshwor, Kathmandu ले यस नगरपालिका समक्ष पेश गरेको


फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

प्रतिवेदन नगर विकास कोषमा मूल्याकंनका लागि पेश गरिएकोमा कोषबाट दिइएका सुझावहरु समेतलाई समावेश गरि उक्त संशोधित प्रतिवेदन स्विकृत गरियो । साथै नगर बिकास कोषका तर्फबाट दिइएका सुझावहरुलाई न.पा.को स्वीकृतिमा निर्माण व्यवसायी (Contractor) संग गरिने सम्झौताका समयमा तथा आयोजनाको निर्माण चरणमा प्राबिधिक दृष्टिकोण तथा आयोजनास्थलको माग अनुसार लागु गर्न सहमती गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ (छ) :**

***आयोजनाबाट निर्मित संरचनाको संचालन/मर्मत तथा संभार खर्च र ऋणको सावां व्याज भुक्तानीको शर्त तथा आयोजना निर्माणमा सहभागिता गराई उपभोक्तामा स्वामित्वको भावना जगाउन उपभोक्ताबाट सेवा शुल्क उठाउने सम्बन्धमा ।***

एकीकृत शहरी विकास आयोजना अन्तर्गत फोहोर मैला व्यवस्थापन परियोजनाको कुल लागतको १५ प्रतिशत नगर विकास कोषबाट ऋण स्वरुप उपलब्ध हुने हुँदा निर्माण हुने Sanitory Lanfill Site को दिगो व्यवस्थापन तथा सञ्चालन एवं कोषबाट प्राप्त ऋण रकमको साँवा व्याज भुक्तानीलाई निश्चित गर्न स्वीकृत DPR तथा कोषबाट गरिने विश्लेषण समेतको आधारमा सरसफाई सेवा शुल्क निर्धारण गरी सो शुल्कलाई मूल्यबृद्धिका आधारमा निरन्तर पुनरावलोकन गर्दै जाने निर्णय गरियो । साथै यस सम्बन्धी कार्ययोजना तयार गरी कोषमा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७ (सात) :**

***त्रिपक्षीय सम्झौता गर्ने अख्तियारी सम्बन्धमा ।***

यस नगरपालिका क्षेत्रमा संचालन हुने एकीकृत फोहोर मैला व्यवस्थापन परियोजना (Integrated Solid Waste Management Subproject) (IUDP/SWM/ SDN/ICB-02) को लागि आयोजना समन्वय कार्यालय, नगर बिकास कोष र यस सिद्धार्थनगर नगरपालिका वीच हुने त्रिपक्षीय सम्झौताको प्रस्तावित मस्यौदा अध्ययन एवं छलफल गरि अनुमोदन गरियो ।

साथै परियोजना निर्माण एवं संचालनका लागि आयोजना समन्वय कार्यालय, नगर विकास कोष र यस नगरपालिका वीच गरिने त्रिपक्षीय सम्झौता (ऋण सम्झौता) गर्न यस नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री बिष्णुदत्त गौतमलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ८ (आठ) :**

***ESCROW Account सम्बन्धमा ।***

आयोजनाबाट निर्मित संरचनाको संचालन/मर्मत तथा संभार खर्च र ऋणको साँवांव्याज भुक्तानीको लागि उपभोक्ताबाट उठाईने रकम नगर बिकास कोषको ऋणको सावां ब्याज भुक्तानीको लागि ऋण सम्झौताको पुर्नर्भुक्तानी तालिका (Repayment Schedule) मा निर्धारित समयमा भुक्तानीमा सहज होस भन्ने उद्देश्यबाट यस अघि कोष, नगरपालिका तथा एकीकृत शहरी बिकास आयोजना संग सम्बद्ध बिभिन्न निकायहरु वीच भएका छलफल समेतको आधारमा प्रचलित कानून अनुसार कोषसंगको सम्झौता बमोजिम हुने गरि ***ESCROW Account*** खोल्ने निर्णय गरियो ।

**निर्णय नं. ९ (नौ) :**

नेपाल सरकार र एशियाली विकास बैंकको अनुदान तथा ऋण सहयोगमा सिद्धार्थनगर नगरपालिकामा सञ्चालित एकीकृत शहरी विकास परियोजना अन्तर्गत निर्माण गर्न प्रस्तावित Improvement & Development of Storm Water Drainage and Road Subproject (IUDP/DR/SDN/ICB-01) आयोजनाको २७ अगष्ट २०१४ (११ भाद्र २०७१) मा Republica, In Association with International New York Times राष्ट्रिय दैनिक पत्रिकामा अन्तराष्ट्रिय बोलपत्र आव्हान गरी १० अक्टोबर २०१४ मा पेश हुन आएका ३ (तीन) वटा बोलपत्रहरु (१) China Guangzhou – Sharma JV, Sitapaila, Kathmandu, Nepal (२) AMR – Lumbini JV, New Baneshwor, Kathmandu (३) CICO–TUNDI – RASUWA Joint Venture, Shantibasti, Sanepa, Ring Road, Lalitpur-3, Nepal को प्राविधिक



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

प्रस्तावहरु मूल्यांकन समितिमा मूल्यांकन भई मूल्यांकन समितिको मिति २०७१।७।४ को बैठकबाट सिफारिस भई पेश हुन आएको प्राप्त नतिजाको प्रतिवेदन अनुसार China Guangzhou – Sharma JV, Sitapaila, Kathmandu, Nepal र AMR – Lumbini JV, New Baneshwor, Kathmandu को प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्थानीय निकाय आ.प्र नियमावली २०६४ को नियम २७ (ग) ३ बमोजिम निजहरुको प्राविधिक प्रस्ताव स्वीकृत गरी सहमतिका लागि आयोजना समन्वय कार्यालय (PCO) मार्फत ADB मा पठाउने निर्णय गरियो र Bid document को Section 3 – Evaluation and Qualification Criteria को 2.4.1 मा उल्लेख भए अनुसार Contracts of Similar Size and Nature को Compliance Requirements मा Joint Venture को हकमा each partner requirement मा US $ 2.3 million को कार्य अनुभव हुनु पर्नेमा तीन वटा partner हरु मध्ये Rasuwa Construction Company Pvt. Ltd. को कार्य अनुभव US $ 0.57 million मात्र भई सारभूत रुपमा प्रभावग्राही नदेखिएको हुँदा CICO – TUNDI – RASUWA Joint Venture, Shantibasti, Sanepa, Ring Road, Lalitpur-3, Nepal को प्राविधिक प्रस्ताव बोलपत्र मूल्यांकन समितिको सिफारिस समेतको आधारमा अस्वीकृत गर्ने निर्णय गरियो साथै प्राविधिक प्रस्ताव सम्बन्धमा आवश्यक सहमती ADB बाट प्राप्त भए पछि सारभूत रुपमा प्रभावग्राही नदेखिएको CICO – TUNDI – RASUWA Joint Venture, Shantibasti, Sanepa, Ring Road, Lalitpur-3, Nepal को आर्थिक प्रस्ताव नखोली निजलाई नै फिर्ता पठाउने निर्णय गरियो ।

**मिति २०७१।७।१३ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

**निर्णय नं. १ (एक) :**

सिद्धार्थनगर नगरपालिका पदपुर्ति समितिको मिति २०७१।७।१३ को सिफारिश बमोजिम वि.नं. २/०७०/७१ सहायक स्तर चौथों तह सव ओभरसियर (प्राविधिक) पदमा सफल भएका उम्मेदवार श्री कपिल न्यौपानेलाई सो पदमा स्थायी नियुक्ति दिने निर्णय गरियो ।

**निर्णय नं. २(दुई)**

सिद्धार्थनगर नगरपालिकाले निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

**सार्वजनिक सुनुवाई कार्यक्रम**

१. मितिः– २०७१ साल कार्तिक ३० गते
२. स्थानः– सिनपाको सभागृह, वार्ड नं. १३ ।
३. समयः- विहानको ११.०० बजे ।

**निर्णय नं. ३(तिन)**

सिद्धार्थनगर नगरपालिकाको निम्नानुसारको निर्णयले भएको स्थायी नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो

| क्र.सं. | नाम थर | वि.नं. | पद | निर्णय मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री हिरा वराल | २/०६९/७० | सहायक स्तर पाँचौं (ना.सु.) प्रशासन | २०७१।५।२९ | समावेशी महिला(खुला) |
| २ | श्री निराजन गडेरिया | ३/०६९/७० | सहायक स्तर चौथों (अमिन) प्राविधिक | २०७१।६।६ | खुला |



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. ४(चार)**

सडक बोर्ड कार्यक्रम अन्तरगत सि.न.पा. को सत्रौं नगरपरिषदबाट पारित आ.व.२०७१।०७२ को वार्षिक बजेट, नीति तथा कार्यक्रममा विभिन्न शहरी सडक पिच मर्मतको लागि रु.६०,००,०००।०० (साठी लाख) छुट्याईएकोमा हाल सडक बोर्ड नेपालवाट प्राप्त मिति २०७१।३।२६ को पत्रानुसार दिने अनुदान रु ६०,००,०००।०० (साठी लाख) वाट वढाई ८०,००,०००।०० (असी लाख) पुर्‍याईएको र थप सडकहरु भानुपथ, बसन्तपथ, रुद्रपथ, बसपार्क अगाडी, कर्णपथ, बुद्धपथ, शिवपथ, भट्टाटोल लगायतका सडकहरु समेत तत्काल मर्मत गर्नुपर्ने अवस्थामा रहेकोले सो सडकहरु समेत थप गरी कार्यक्रम स्वीकृतका लागि सडक बोर्ड नेपाल समक्ष अनुरोध गर्ने निर्णय गरियो । साथै न.पा. समपुरक कोष स्वरुप ३० प्रतिशतले हुने रकम रु. ३४,२८,५७१।४२ र सडक बोर्ड वाट रु ८०,००,०००।०० (असी लाख)गरी जम्मा रु.१,१४,२८,५७१।४३ (अक्षेरुपी एक करोड चौध लाख अठ्ठाईस हजार पाँच सय एकहत्तर रुपिया पैसा त्रिचालिस) को कार्यक्रम तयार गरी पठाउने निर्णय गरियो ।

**मिति २०७१।७।२६ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

**निर्णय नं. १(एक)**

नेपाल सरकार र एशियाली विकास बैंकको अनुदान तथा ऋण सहयोगमा सिद्धार्थनगर नगरपालिकामा सञ्चालित एकीकृत शहरी विकास परियोजना अन्तर्गत निर्माण गर्न प्रस्तावित Improvement & Development of Storm Water Drainage and Road Subproject (IUDP/DR/SDN/ICB-01) आयोजनाको २७ अगष्ट २०१४ (११ भाद्र २०७१) मा Republica, In Association with International New York Times राष्ट्रिय दैनिक पत्रिकामा अन्तराष्ट्रिय बोलपत्र आव्हान गरी १० अक्टोबर २०१४ मा पेश हुन आएका ३ (तीन) वटा बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावमा सफल (१) China Guangzhou – Sharma & Co. Pvt. Ltd. JV, Sitapaila, Kathmandu, Nepal र (२) AMR India Ltd. – Lumbini Builders Pvt. Ltd. JV, New Baneshwor, Kathmandu को 9 November 2014 मा खोलिएको आर्थिक प्रस्तावहरु बोलपत्र मूल्यांकन समितिमा मूल्यांकन भई मूल्यांकन समितिको मिति २०७१।७।२५ को बैठकबाट सिफारिस भई पेश हुन आएको प्राप्त नतिजाको प्रतिवेदन अनुसार China Guangzhou – Sharma & Co. Pvt. Ltd. JV, Sitapaila, Kathmandu, Nepal को कबोल अंक रु. ७९,६७,७५,७०१।८८ (VAT समेत) र AMR India Ltd. – Lumbini Builders Pvt. Ltd. JV, New Baneshwor, Kathmandu को कबोल अंक रु. ८४,७७,१८,८८४।५६ (VAT समेत) मध्ये सारभूत रुपमा प्रभावग्राही न्यूनतम मूल्यांकित बोलपत्र पेश गर्ने China Guangzhou – Sharma & Co. Pvt. Ltd. JV, Sitapaila, Kathmandu, Nepal को कबोल अंक रु. ७९,६७,७५,७०१।८८ (VAT समेत) कार्यालयको स्वीकृत लागत अनुमान रु ७९,६८,५२,१००।३० (VAT समेत) भन्दा कमी रहेको देखीएकोले निजको बोलपत्र स्वीकृत गरी सहमतीको लागि आयोजना समन्वय कार्यालय (PCO) मार्फत ADB मा पठाउने निर्णय गरियो ।

**निर्णय नं. २(दुई)**

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं. १०२ मिति २०७१।७।२ को पत्रबाट समेत लेखि आए बमोजिम यस नगरपालिकाले चालु आ.ब. २०७१।७२ का लागी नगर सरसफाई सम्बन्धि देहाय बमोजिमको कार्य योजना स्वीकृत गरी सोको जानकारी मन्त्रालयमा पठाउने निर्णय गरियो ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. ३(तीन)**

नगर सरसफाई सम्बन्धि स्वीकृत कार्ययोजनाको क्रियाकलाप १ मा उल्लेखित नगरस्तरिय विशेष सरसफाई अभियान देहाय बमोजिम हुने गरी सञ्चालन गर्ने निर्णय गरियो ।

**नगरस्तरिय बृहत पाँच दिने विशेष सरसफाई अभियान**

| क्र.स. | मिति | समय | कार्यक्रम |
|---|---|---|---|
| १. | २०७१।८।१९ | विहान ८.००–१०.०० | फोहोरमैला व्यवस्थापनको लागी जनचेतनामुलक वृहत सरसफाईको कार्यक्रम बर्मेलीटोलबाट गर्ने र समापन न.पा. कार्यालय भित्र गर्ने । |
| २. | २०७१।८।२० | विहान ८.००–९.३० | देवकोटाचोक देखि बैंकरोड, मिलन चोक हुदै होटल निर्वाणा सम्म वृहत सरसफाई कार्यक्रम सञ्चालन गर्ने । |
| ३. | २०७१।८।२१ | विहान ८.००–९.३० | सि.न.पा. वार्ड नं. १ बेलहिया दशगजा देखि भन्सार गेट हुदै कोटईमाइ मन्दिर सम्म वृहत रुपमा सरसफाई जनचेतनामूलक कार्यक्रम गर्ने । |
| ४. | २०७१।८।२२ | विहान ८.००–९.३० | मेउडिहवाको छोटी भंसार गेट देखि भ्रूण्डीबजार हुदै मेउडिहवा चोक सम्म बृहत सरसफाई अभियान । |
| ५. | २०७१।८।२३ | विहान ८.००–१०.०० | मिलनचोक देखि गल्लामण्डी हुदै हनुमान मन्दिर सम्म वृहत सरसफाई अभियान गर्ने । |

**निर्णय नं. ४(चार)**

सिद्धार्थगर नगरपालिकामा स्थापित सामुदायिक मेलमिलाप केन्द्रको मेलमिलाप संयोजकको लागी रु ५०००।– (पाँच हजार) दिई आएकोमा २०७१ मंसिर देखि उक्त पारिश्रमिकका अतिरिक्त यातायात, टेलिफोन र खाजा खर्च वापत विवाद मेलमिलाप हुने दिनको लागी प्रतिदिन रु ३००।(तिन सय) र सदस्यहरुलाई उपस्थित भएको दिनको प्रतिदिन रु २००।– (दुई सय) यातायात र खाजा खर्च वापत उपलब्ध गराउने निर्णय गरियो ।




**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np